नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :........................

आज मिति २०७४/४/३२ गतेका दिन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन समितिको बैठक सो समितिका अध्यक्ष तथा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. स्वर्णिम वाग्लेको अध्यक्षतामा बस्यो । सो बैठकबाट तपसिल बमोजिम निर्णयहरू भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

**तपसिलः**

१. हालै देशमा आएको बाढी तथा पहिरोबाट हुन गएको जनधनको क्षतिप्रति समिति गहिरो दुःख व्यक्त गर्दछ ।

२. बाढी तथा पहिरोबाट प्रभावित परिवारलाई तत्काल उद्धार, राहत र क्षतिपूर्ति लगायतका विषयमा खर्च गर्ने प्रयोजनका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रहेको मौज्दात रकमबाट १(एक) अर्ब रुँपैयासम्म गृह मन्त्रालय अन्तर्गत रहेको केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा निकासा गर्ने । सो मध्ये तत्कालका लागि रु. ५० करोड उक्त कोषमा निकासा गर्ने र गृह मन्त्रालयबाट माग भएको आधारमा थप ५० करोड निकासा गर्ने ।

३. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको नाममा विभिन्न वाणिज्य बैंकहरूमा रहेको रकममध्ये रु. ५० लाखभन्दा कम मौज्दात भएमा बैंकको रकम अन्य खातामा सारी यस्ता खाता बन्द गर्ने ।

२०७४ साउन ३२ गते

...........................................

चिरञ्जिवी पौडेल

सहायक प्रवक्ता/उपसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८

फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

ई–मेल : info@nepal.gov.np

वेब साइट : http://www.opmcm.gov.np